आज मिति २०७८।०५।३० गते बुधबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७७।०५।३०

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.५ कार्यालयबाट (BYC) युवा क्लव, विश्रामपुरले दशैं, दिपावली र छठ पर्वको उपलक्षमा वडा फुटवल टुनामेन्ट आयोजना गर्ने भएकोले आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.११ कार्यालयबाट श्री यादव नारायण श्रेष्ठको गोठ मिति २०७८।०५।१६ गतेको अविरल वर्षाका कारण पूर्ण रुपमा क्षति भएको हुंदा गोठ निर्माण गर्न आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) विजय लक्ष्मी मिडिया फाउन्डेशन प्रा.लि., आनन्दनगर, धनुषाले २०७८ असोज १ गते धनुषाको सपहिमा तेश्रो मिथिला लोक कला संस्कृति महोत्सव एवं चलचित्र प्रशर्दन कार्यक्रम आयोजना गरेको हुंदा उक्त कार्यक्रमको लागि सहयोग गरिदिनु हुन भनि निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. वडा नं.३ कार्यालयबाट सुके कामीको छोरा उमेश जंग गजमेरको बुबाको ब्रेन ह्यामरेज भएको र निज अति विपन्न भएको कारणले औषधी उपचार गर्ने आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.५ कार्यालयबाट मिति २०७८।०६।१२ र १३ गते जित जितवाहन मेला समारोह हन गइरहेको हुंदा मेला भव्यताका साथ मनाउन जित जितवाहन मेला समतिलाई आर्थिक सहयोग उपलब्ध गारउन सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.१० कार्यालयबाट माझिटोल निवासी कमल बहादुर माझिको श्रीमती काउली माझिनीलाई क्यान्सर रोग लागेको हुंदा औषधी उपचार गर्न आर्थिक सहयाताको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.१० कार्यालयबाट लालगढ युवा समाजले मिति २०७८।०६।१९ देखि २६ गतेसम्म फुटवल प्रतियोगिता आयोजना गर्ने भएको हुंदा उक्त प्रतियोगिताको लागि आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा मिथिला वाइल्डलाईफ ट्रष्ट, धनुषाको च.नं.०८ मिति २०७८।०५।०६ को पत्रबाट कार्यक्रम निरन्तरताको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. क्षेत्र भित्र रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०) श्री बेंगाडावर युवा क्लब (समिति) ले बिजया दशमीको उपलक्ष्यमा उच्च स्तरीय बेंगाडावर गोल्ड कप फुटवल प्रतियोगिता संचालन गर्न आर्थिक सहयोगको लागि निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.११) मि.न.पा. कार्यलयबाट आ.व.२०७४।०७५ देखि हालसम्म भए गरेका पूर्वाधार निर्माण लयागत अन्य विकास निर्माण सम्बन्धी कार्यहरुको प्रोफाइ तयार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१२) मि.न.पा. कार्यलयबाट आ.व.२०७८।०७९ मा यस क्षेत्रका किसानहरुलाई धान र गहुंको विउ वितरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३) मि.न.पा. कार्यलयबाट आ.व.२०७८।०७९ मा यस क्षेत्रका किसानहरुलाई कृषि चुन वितरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०) श्री बेंगाडावर युवा क्लब (समिति) ले बिजया दशमीको उपलक्ष्यमा उच्च स्तरीय बेंगाडावर गोल्ड कप फुटवल प्रतियोगिता संचालन गर्न आर्थिक सहयोगको लागि निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.११) मि.न.पा. कार्यलयबाट आ.व.२०७४।०७५ देखि हालसम्म भए गरेका पूर्वाधार निर्माण लयागत अन्य विकास निर्माण सम्बन्धी कार्यहरुको प्रोफाइ तयार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१२) मि.न.पा. कार्यलयबाट आ.व.२०७८।०७९ मा यस क्षेत्रका किसानहरुलाई धान र गहुंको विउ वितरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३) मि.न.पा. कार्यलयबाट आ.व.२०७८।०७९ मा यस क्षेत्रका किसानहरुलाई कृषि चुन वितरण गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

निर्णय नं. १) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यालयको च.नं.२३४ मिति २०७८।०५।२७ को पत्रबाट (BYC) युवा क्लव, विश्रामपुरले दशैं, दिपावली र छठ पर्वको उपलक्षमा वडा फुटवल टुनामेन्ट आयोजना गर्ने भएकोले आर्थिक सहयोगको लागि सिफारिस भएकोमा उक्त क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ कार्यालयको च.नं.१७४ मिति २०७८।०५।२३ को पत्रबाट श्री यादव नारायण श्रेष्ठको गोठ मिति २०७८।०५।१६ गतेको अविरल वर्षाका कारण पूर्ण रुपमा क्षति भएको हुंदा गोठ निर्माण गर्न आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएकोमा निजलाई विपद व्यवस्थापन कोषबाट रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं.३ मा छलफल गर्दा विजय लक्ष्मी मिडिया फाउन्डेशन प्रा.लि., आनन्दनगर, धनुषाले २०७८ असोज १ गते धनुषाको सपहिमा तेश्रो मिथिला लोक कला संस्कृति महोत्सव एवं चलचित्र प्रशर्दन कार्यक्रम आयोजना गरेको हुंदा उक्त कार्यक्रमको लागि सहयोग गरिदिनु हुन भनि निवेदन पेश गरेकोमा उक्त फाउन्डेशनलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.३८१ मिति २०७८।०५।२९ को पत्रबाट सुके कामीको छोरा उमेश जंग गजमेरको बुबाको ब्रेन ह्यामरेज भएको र निज अति विपन्न भएको कारणले औषधी उपचार गर्ने आर्थिक सहयोगको लागि सिफारिस भएकोमा श्री उमेश जंग गजमेरलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.४०,०००।- (अक्षरेपी चालीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यालयको च.नं.२५० मिति २०७८।०५।२९ को पत्रबाट मिति २०७८।०६।१२ र १३ गते जित जितवाहन मेला समारोह हन गइरहेको हुंदा मेला भब्यताका साथ मनाउन जित जितवाहन मेला समतिलाई आर्थिक सहयोग उपलब्ध गारउन सिफारिस भएकोमा उक्त मेला समितिलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.३४३ मिति २०७८।०५।२९ को पत्रबाट माझिटोल निवासी माझिटोल निवासी कमल बहादुर माझिको श्रीमती काउली माझिनीलाई क्यान्सर रोग लागेर उपचार भैरहेको र हाल किमो र ब्लड कहिले दुई हफ्ता कहिले महिना दिनमा चढाई उपचार गराउनु पर्ने भएको र निजको आर्थिक अवस्था कमजोर रही ज्याला मजदुरी गरी जीवन यापन गरिरहेको हुंदा औषधी उपचार गर्न आर्थिक सहयाताको लागि सिफारिस भएकोमा निजलाई आर्थिक अन्य सामाजिक सहायता शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ७) प्रस्ताव नं.७ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.३१९ मिति २०७८।०५।२४ को पत्रबाट लालगढ युवा समाजले मिति २०७८।०६।१९ देखि २६ गतेसम्म खुल्ला फुटवल प्रतियोगिता आयोजना गरेको हुंदा उक्त प्रतियोगिताको लागि आर्थिक सहयोगको लागि सिफारिस भएकोमा उक्त लालगढ युवा समाजलाई विविध कार्यक्रम खर्च शिर्षकबाट रु.१,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ८) प्रस्ताव नं.८ मा छलफल गर्दा मिथिला वाइल्डलाईफ ट्रष्ट, धनुषाको च.नं.०८ मिति २०७८।०५।०६ को पत्रबाट जिल्ला धनुषा मिथिला विहारी न.पा., वडा नं. - ३ मा दर्ता कायम रहेर बिशारा चौक, जनकपुरधाम-४ मा सम्पर्क कार्यालय भई समुदायमा आधारित संरक्षण पद्धति मार्फत प्रदेश नं. २ मा वन, वातावरण तथा वन्यजन्तु संरक्षणको क्षेत्रमा कार्यरत मिथिला वाईल्डलाईफ ट्रष्ट संस्थाले यस मिथिला न.पा.-४ को पुष्पवलपुरमा अबस्थित राष्ट्रिय आधारभूत विद्यालयको शैक्षिक अबस्था उकास्नका लागि भौतिक सामग्री, थप शिक्षक र आवश्यक अन्य श्रोत साधनहरु जुटाएर कम्तिमा पाँच बर्षको लागि सो को व्यवस्थापनमा सहयोग गर्न ईच्छा जाहेर गरेकोमा यस नगरपालिकाको कार्यालयबाट परियोजना अबधि भरी भौतिक संरचना निर्माणमा र परियोजना सञ्चालनमा सम्भव भएसम्मको आवश्यक सहयोग उपलब्ध गराउनुका साथै परियोजना अबधि पश्चात यस परियोजनाले स्थापना गरेका असल अभ्यासहरुलाई निरन्तरता दिन प्रतिबद्धता जाहेर गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ९) प्रस्ताव नं.८ मा छलफल गर्दा मि.न.पा. क्षेत्र भित्र रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापन गर्ने सन्दर्भमा तत्कालिन भूमि सम्बन्धी समस्या समाधान आयोग मार्फत संकलन भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको निवेदन फाराम अनुसारका जग्गा नापजांच गर्न नगर क्षेत्र भित्रका करिब ८० (असी) स्थानमा Geographical Navigation Survey System (GNSS) प्रविधिबाट Ground Control Point स्थापन गर्न आवश्यक प्रकृया शूरु गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १०) प्रस्ताव नं.१० मा छलफल गर्दा श्री बेंगाडावर युवा क्लब (समिति) ले बिजया दशमीको उपलक्ष्यमा उच्च स्तरीय बेंगाडावर गोल्ड कप फुटवल प्रतियोगिता संचालन गर्न आर्थिक सहयोगको लागि निवेदन पेश गरेकोमा उक्त क्लबलाई विविध कार्यक्रम खर्च शिर्ष रु.२,५०,०००।- (अक्षरेपी दुई लाख पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ११) प्रस्ताव नं.११ मा छलफल गर्दा यस मि.न.पा. कार्यलयबाट आ.व.२०७४।०७५ देखि हालसम्म यस क्षेत्र भित्र भए गरेका पूर्वाधार निर्माण लयागत अन्य विकास निर्माण सम्बन्धी कार्यहरुको प्रोफाइ तयार गर्न सेवा परामर्श शिर्षकबाट रु.५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १२) प्रस्ताव नं.१२ मा छलफल गर्दा यस मि.न.पा. कार्यलयबाट आ.व.२०७८।०७९ मा संघीय सरकारको शसर्त कार्यक्रम अन्तर्गत यस क्षेत्रका किसानहरुलाई धान र गहुंको विउ वितरण गर्दा किसानहरुबाट ५० प्रतिशत र न.पा.कार्यालयबाट ५० प्रतिशत लागत व्यहोर्ने साथै उक्त कार्यमा लाग्ने ढुवानी लगायत अन्य खर्चहरु न.पा.कार्यलयबाट व्यहोर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १३) प्रस्ताव नं.१३ मा छलफल गर्दा यस मि.न.पा. कार्यलयबाट आ.व.२०७८।०७९ मा स्थानीय स्तरको कार्यक्रम अन्तर्गत यस क्षेत्रका किसानहरुलाई कृषि चुन वितरण गर्दा किसानहरुबाट २५ प्रतिशत र न.पा.कार्यालयबाट ७५ प्रतिशत लागत व्यहोर्ने निर्णय पारित गरियो ।